# कााँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www .kankrebihar .com
राष्ट्रिय दैनिक








❑ वर्ष : २६ ❑ अंक : १९ ❑ मंगलवार, २० असोज, २०८३ ❑ Tuesday, 6 Oct 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०


# जहाँबाट सुर्खेत उज्यालो भयो, त्यहीं अब सौर्य ऊर्जा

❑ कााँक्रेविहार संवाददाता
सुर्खेत, १९ असोज

आजको सुर्खेतमा विद्युत् सुविधा सामान्यजस्तै लागे पनि करिब पाँच दशकअघि अवस्था निकै फरक थियो। राष्ट्रिय प्रसारण लाइन सुर्खेत पुगेको थिएन। त्यो बेला जिल्ला सदरमुकाम वीरेन्द्रनगरमा सरकारी कार्यालय र बजार विस्तार हुँदै गर्दा विद्युतको माग बढिरहेको थियो। यही आवश्यकताबीच स्थानीय जलस्रोत उपयोग गरेर सुर्खेतलाई उज्यालो बनाउने योजना अघि बढ्यो–झुप्रा साना जलविद्युत् आयोजना,

२०३४ सालमा तत्कालीन राजा वीरेन्द्रले ३ सय ४५ किलोवाट क्षमताको झुप्रा साना जलविद्युत् आयोजना उद्घाटन गरेका थिए। राष्ट्रिय प्रसारण प्रणालीबाट अलग्गै सञ्चालन हुने 'रन अफ रिभर' प्रकृतिको यो आयोजना त्यतिबेला वीरेन्द्रनगर केन्द्रित विद्युत् आपूर्तिको मुख्य आधार बनेको थियो। आयोजनामा १ सय १५ किलोवाट क्षमताका तीनवटा टर्बाइन-जेनेरेटर जडान गरिएको थियो। तीनवटै पूर्ण क्षमतामा सञ्चालन हुँदा ३ सय ४५ किलोवाट विद्युत् उत्पादन हुन्थ्यो। स्थानीय जलस्रोतबाट उत्पादन गरिएको विद्युतले विस्तार हुँदै गरेको वीरेन्द्रनगरलाई उज्यालो दिन थालेको थियो।

त्यतिबेला झुप्रा आयोजनाबाट ५ सय ४८ घरेलु र आठ औद्योगिक उपभोक्ताले विद्युत् सेवा लिइरहेको जल तथा ऊर्जा आयोगका अभिलेखमा उल्लेख छ। तर आयोजना सञ्चालनमा आएको करिब एक दशकपछि यसको उत्पादन क्षमतामा ह्रास आउन थाल्यो। तीनमध्ये एउटा टर्बाइन बिग्रियो। अर्कोतर्फ झुप्रा खोलामा पानीको बहावसमेत घट्दै गयो। पर्याप्त पानी नहुँदा दुईवटा टर्बाइनबाट करिब १ सय ५ किलोवाटका युनिट मात्र सञ्चालनमा रहे। परिणामत ३ सय ४५ किलोवाट जडित क्षमता भएको आयोजनाबाट पनि उत्पादन तथा वितरण करिब २ सय ३० किलोवाटमा सीमित हुन पुग्यो।

**अब झुप्रामै सौर्य ऊर्जाको उज्यालो**

पुरानो जलविद्युत् आयोजना बन्द भएको ठाउँमा अहिले भने नयाँ ऊर्जा प्रविधि भित्रिएको छ। नेपाल विद्युत् प्राधिकरणले सोही क्षेत्रमा दुई मेगावाट क्षमताको झुप्रा

बाँकी पृष्ठ ४



## जंगलले ढाकियो पुरानो विद्युतगृह

उत्पादन बन्द भए पनि झुप्रा आयोजनाको संरचना भने अझै देखिन्छ बाँध, ड्यामस्थल र विद्युत्गृहका पुराना संरचना अहिले पनि त्यहाँ छन्। कुनै समय सुर्खेतको ऊर्जा आपूर्तिको आधार बनेको आयोजना अहिले जंगलले ढाकिएको अवस्थामा छ। नेपाल विद्युत् प्राधिकरणका पछिल्ला अभिलेखमा समेत झुप्रा लघु जलविद्युत् आयोजना सूचीकृत छ। तर त्यसको जडित क्षमता अभिलेखमा रहे पनि नियमित विद्युत् उत्पादन भने लामो समयदेखि बन्द छ।

## पानी घटेपछि संकट गहिरियो

झुप्रा आयोजना कमजोर हुनुको कारण पुरानो प्रविधि वा मेसिन बिग्रिनुमा मात्रै सीमित थिएन।

२०४२/४३ पछिको अध्ययनले आयोजनाको इन्टेकभन्दा माथिल्लो क्षेत्रमा सिँचाइका लागि पानी मोडिनु तथा जलाधार क्षेत्रमा भएको वन विनाशले झुप्रा खोलाको बहाव घटेको औँल्याएको थियो।

अर्थात्, आयोजनाको विद्युत् उत्पादनको आधार बनेको पानीको स्रोतमा नै दबाब बढिसकेको थियो। यही जलस्रोत अहिले भने वीरेन्द्रनगर उपत्यकाको खानेपानीको मुख्य आधार बनेको छ।

झुप्रा जलविद्युत् आयोजनाको पानी प्रयोग हुने क्षेत्रबाटै पछि वीरेन्द्रनगरमा खानेपानी आपूर्ति हुन थाल्यो।

२०५७ सालमा झुप्रा बृहत् खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था स्थापना भएपछि झुप्रा क्षेत्रको पानी वीरेन्द्रनगरको खानेपानी प्रणालीसँग जोडिएको इतिहास छ।

अहिले उक्त संस्था सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका रूपमा परिचित छ।

यसरी कुनै समय वीरेन्द्रनगरलाई विद्युत् दिएको झुप्राको पानी अहिले उपत्यकाका नागरिकका लागि खानेपानीको स्रोत बनेको छ।

## माग बढ्यो, झुप्राको क्षमता घट्यो

झुप्रा आयोजनाले सामना गरेको अर्को चुनौती सुर्खेतको तीव्र विस्तार थियो। तत्कालीन मध्यपश्चिम विकास क्षेत्रको क्षेत्रीय सदरमुकामका रूपमा वीरेन्द्रनगर विकास हुँदै जाँदा सरकारी तथा अर्धसरकारी कार्यालय थपिँदै थिए। बजार विस्तारसँगै विद्युत्को माग पनि निरन्तर बढिरहेको थियो। तत्कालीन सरकारी अध्ययनले २०४६/४७ सम्म सुर्खेतको पिक लोड ५ सय किलोवाटभन्दा बढी पुग्ने अनुमान गरेको थियो। तर ३ सय ४५ किलोवाट जडित क्षमता भएको झुप्रा आयोजना आफैं पूर्ण क्षमतामा चल्न नसकिरहेको अवस्थामा बढ्दो माग धान्न सम्भव थिएन।

त्यसैले नेपालगन्जबाट करिब ३५-४० किलोमिटर प्रसारण लाइनमार्फत राष्ट्रिय विद्युत् ग्रिडमा सुर्खेतलाई जोड्ने विकल्प अघि सारियो। त्यसको केही समयपछि राष्ट्रिय प्रसारण प्रणाली विस्तार हुँदै गयो। २०४५ सालमा कोहलपुर-सुर्खेत ३३ केभी प्रसारण लाइनमार्फत वीरेन्द्रनगर राष्ट्रिय ग्रिडमा जोडिएपछि झुप्राको उत्पादनमा निर्भर हुनुपर्ने अवस्था अन्त्य भयो।

झुप्रा आयोजना त्यसपछि क्रमशः इतिहासमा सीमित हुँदै गयो। लेकबेंसी नगरपालिका-१० का वडाध्यक्ष पर्शुराम भण्डारीका अनुसार आयोजनाबाट उत्पादन हुने विद्युत् २०५६ सालदेखि पूर्ण रूपमा बन्द भएको हो।

# रास्वपाले सबै जिल्लामा खटायो केन्द्रीय सदस्य र सांसद



❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १९ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देशका ७७ वटै जिल्लामा केन्द्रीय सदस्य र सांसदलाई खटाएको छ।

रास्वपाले सबै जिल्लामा नागरिकका समस्या बुझ्न 'हामी आउँदै छौं' अभियान सञ्चालन गर्न लागेको छ। त्यही अभियानका लागि सबै जिल्लामा केन्द्रीय सदस्य र सांसदलाई खटाएको हो।

रास्वपाले कोसीमा असोज २० देखि २७ गतेसम्म अभियान सञ्चालन गर्नेछ। अभियानका दौरान केन्द्रीय सदस्य र सांसदले स्थानीय बासिन्दासँग अन्तरक्रिया गर्नेछन्।


सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।


# बन्दसत्रबाट पारित भयो कांग्रेसको विधान संशोधन प्रस्ताव



❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १९ असोज

नेपाली कांग्रेसको विधान संशोधन प्रस्ताव बन्द सत्रबाट पारित भएको छ। महाधिवेशन प्रतिनिधि प्रताप पौडेलले उक्त प्रस्ताव पारित भएको जानकारी दिए।

पारित भएको प्रस्ताव अनुसार एक सभापति, एक वरिष्ठ उपसभापति,चार उपसभापति, तीन महामन्त्री र १५ सहमहामन्त्री हुनेछन्।

केन्द्रीय कार्यसमिति २३२ सदस्य हुनेछ। जसमा ६१ सदस्य मनोनीत हुनेछन्। उपसभापतिमा एक महिला, एक समावेशी अनिवार्य छ।

महामन्त्रीमा एक महिला अनिवार्य छ। सह महामन्त्रीमा ११ जना निर्वाचित भएर आउनेछन् भने ४ जना मनोनीत हुनेछन्।

# देशभर ५ हजार ७ सय ३७ परिवारलाई लालपुर्जा वितरण

❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १९ असोज

सरकारले दशकौँदेखि समाधान हुन नसकेको भूमिसम्बन्धी समस्यालाई प्राथमिकतामा राख्दै भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि नयाँ कार्यविधिसहित काम अघि बढाएको जनाएको छ।

हालसम्म देशभर ५ हजार ७३७ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) वितरण गरिएको प्रधानमन्त्री बालेन शाहले सामेबार सामाजिक सञ्जाल फेसबुकमार्फत जानकारी दिएका छन्।

सरकारका अनुसार विगतमा भूमि समस्या समाधानका नाममा विभिन्न आयोग तथा संरचना गठन गरिए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन। वि.सं. २०७७ देखि गत वर्षसम्म मात्र यस्ता संरचनामा दुई अर्ब रुपैयाँभन्दा बढी राज्यको खर्च भएको भए पनि त्यसअनुसार परिणाम नआएको उल्लेख गरिएको छ।



सरकारले अब राजनीतिक भागबन्डामा आधारित संरचनाभन्दा विषयविज्ञ, स्थानीय तहसँगको समन्वय र स्पष्ट जिम्मेवारीका आधारमा परिणाममुखी प्रणाली लागू गरिएको जनाएको छ। यसका लागि भूमि समस्या समाधान समिति गठन गरी देशभरका निवेदनको एकीकृत अभिलेखीकरण र प्रमाणीकरणको काम अघि बढाइएको छ।

हालसम्म प्रणालीमा १३ लाख ११ हजार १९७ निवेदन प्रविष्ट भइसकेका छन्। ती निवेदनको अध्ययन तथा प्रमाणीकरण भइरहेको र प्राथमिकता निर्धारण गर्दै क्रमशः समाधान गरिने सरकारको भनाइ छ। सरकारका अनुसार विभिन्न जिल्लामा लालपुर्जा नभएका सुकुमबासी, भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासी गरी ५ हजार ७३७ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गरिएको छ। यसलाई प्रारम्भिक उपलब्धिका रूपमा उल्लेख गर्दै अब देशभर अभियानलाई तीव्र बनाइने जनाइएको

बाँकी पृष्ठ २

# सार्वजनिक निर्माणका ठेक्काको मूल्य समायोजन गर्ने सरकारको निर्णय



❑ कााँक्रेविहार संवाददाता
काठमाडौं, १९ असोज

सरकारले सार्वजनिक निर्माणका ठेक्काहरूको मूल्य समायोजन गर्ने निर्णय गरेको छ। पूर्वाधार विकास मन्त्रालयका अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ को उपदफा (१क) बमोजिम विशेष मूल्य समायोजन लागु गर्ने निर्णय गरिएको छ।

अन्तर्राष्ट्रिय युद्ध तथा आपूर्ति शृंखलामा आएको अवरोधका कारण अस्वाभाविक मूल्यवृद्धि भएका पेट्रोलियम पदार्थ, बिटुमिन, एचडीपीई पाइप, सिमेन्ट तथा डन्डीका हकमा १५ चैत २०८२ पछिसमेत कार्यसम्पादन अवधि कायम रही सञ्चालनमा रहेका सार्वजनिक निर्माण ठेक्कामा वास्तविक र प्रमाणित खपतका आधारमा विशेषमूल्य

बाँकी पृष्ठ २

सम्पादकीय

# दशौँ राष्ट्रिय खेलकुद : कर्णालीका लागि सुनौलो अवसर

कर्णालीमा दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुनु आफैँमा गौरवको विषय हो । तर गौरवको नाममा उत्सव मनाएर मात्र पुग्दैन । यो प्रतियोगिता कर्णालीको क्षमता, व्यवस्थापन र राजनीतिक इच्छाशक्तिको परीक्षा पनि हो । प्रतियोगिता तोकिएको समयमा सम्पन्न हुन्छ कि हुँदैन भन्ने अन्योलभन्दा ठूलो प्रश्न अहिले उपलब्ध पूर्वाधार र अवसरलाई कर्णालीले दीर्घकालीन उपलब्धिमा बदल्न सक्छ कि सक्दैन भन्ने हो । राष्ट्रिय खेलकुद प्रतियोगिता खेलाडीको प्रतिस्पर्धा मात्र होइन, प्रदेशको पहिचान प्रस्तुत गर्ने राष्ट्रिय मञ्च पनि हो । कर्णालीमा प्रतिभाको कमी छैन, कमी छ त अवसर, प्रशिक्षण, पूर्वाधार र निरन्तर प्रोत्साहनको । गाउँ–गाउँमा लुकेका प्रतिभालाई पहिचान गरेर उचित प्रशिक्षण दिन सके कर्णालीले राष्ट्रिय खेलकुदमा मात्र होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै आफ्नो प्रभाव देखाउन सक्छ ।

तर यसका लागि देखावटी तयारी पर्याप्त हुँदैन । रंगशाला निर्माण भयो भन्दैमा खेलकुद विकास हुँदैन । खेलाडीका लागि गुणस्तरीय आवास, पोषण, स्वास्थ्य सेवा, यातायात, सुरक्षा र आवश्यक खेल सामग्रीको सुनिश्चितता हुनुपर्छ । त्यसमा पनि प्रतियोगिताका नाममा सार्वजनिक बजेट खर्च गर्ने तर प्रतियोगिता सकिएपछि पूर्वाधार अलपत्र छाड्ने पुरानै प्रवृत्ति दोहोरिनु हुँदैन । अझ महत्वपूर्ण कुरा, प्रतियोगिताको नाममा हुने खर्च पारदर्शी हुनुपर्छ । सार्वजनिक स्रोतको प्रत्येक रूपैयाँको हिसाब जनताले खोज्न पाउने अधिकार राख्छन् । निर्माण र व्यवस्थापनका काममा गुणस्तरभन्दा पहुँच, भागबन्डा र कमिसन हाबी भयो भने राष्ट्रिय खेलकुद कर्णालीका लागि अवसर नभई अर्को निराशाको अध्याय बन्न सक्छ ।

त्यसैले संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वयसँगै स्पष्ट जिम्मेवारी र प्रभावकारी अनुगमन आवश्यक छ । प्रतियोगिता सकिएपछि पनि रंगशाला र खेल पूर्वाधार स्थानीय खेलाडीको प्रशिक्षण तथा नियमित प्रतियोगिताका लागि उपयोग हुने सुनिश्चितता अहिले नै गर्नुपर्छ । दसौँ राष्ट्रिय खेलकुद कर्णालीका लागि केही दिनको उत्सव होइन, भविष्य निर्माणको अवसर हो । अब कर्णालीले उद्घाटनको भव्यता होइन, परिणामको प्रभाव देखाउनुपर्छ। प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नु पहिलो खुड्किलो मात्र हो । यसलाई कर्णालीको स्थायी खेलकुद संस्कृतिमा रूपान्तरण गर्नु नै वास्तविक सफलता हुनेछ ।

## देशभर...

छ ।

सार्वजनिक महत्वका क्षेत्र तथा जोखिमयुक्त स्थानमा बसोबास गर्दै आएका भूमिहीन सुकुमबासीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रक्रिया पनि अघि बढाइएको छ । काठमाडौँ उपत्यकाबाट विस्थापित भएका परिवारलाई उनीहरूको स्थायी ठेगाना रहेको जिल्लामै भूमि व्यवस्थापन गर्ने तयारी गरिएको सरकारले जनाएको छ । यससँगै झुटा विवरण पेस गरी आफूलाई भूमिहीन देखाउने व्यक्तिहरूको अभिलेख परीक्षण गरी आवश्यक कानुनी कारबाहीको प्रक्रिया पनि सुरु गरिएको छ ।

भूमिसम्बन्धी ऐन, वन ऐन तथा अन्य सम्बन्धित कानुनमा आवश्यक संशोधन गरी प्रक्रियालाई थप प्रभावकारी बनाउने तयारी भइरहेको सरकारको भनाइ छ । कानुनी, प्रक्रियागत तथा संरचनागत अवरोध हटाएर भूमि वितरणलाई गति दिने लक्ष्य राखिएको छ ।

सरकारले निर्वाचनताका गरेको प्रतिबद्धताअनुसार एक हजार दिनभित्र भूमिहीन सुकुमबासीको समस्या समाधान गर्ने लक्ष्यलाई कार्यसम्पादन सूचकका रूपमा अघि बढाइएको जनाएको छ ।

क्रमशः जिल्लागत रूपमा भूमिहीन सुकुमबासी समस्या समाधान गर्दै " सुकुमबासी समस्यामुक्त जिल्ला" घोषणा गर्ने दीर्घकालीन योजना रहेको सरकारको दाबी छ ।

## सार्वजनिक...

समायोजन गरिने मन्त्रालयले जनाएको छ ।

सालबसाली तथा मूल्य समायोजन व्यवस्था नभएका ठेक्कासमेत तोकिएको मापदण्ड पूरा गरे यस व्यवस्थामा समेटिने छन् । मूल्य समायोजनको व्यवस्था भएका ठेक्काका हकमा प्रचलित व्यवस्था तथा सम्झौता अनुसार प्राप्त हुने मूल्य समायोजन रकम घटाइ बाँकी योग्य रकममात्र विशेष मूल्य समायोजनका रूपमा उपलब्ध गराइने छ ।

# कांग्रेस साँच्चै बदलिँदै छ वा नेतृत्व मात्रै बदलिँदैछ ?



✍ सन्दिप पराजुली

नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि पार्टीभित्र नयाँ राजनीतिक आशा जन्मिएको थियो । लामो समयदेखि उठ्दै आएको नेतृत्व परिवर्तन, पुस्तान्तरण, युवा ऊर्जा र नयाँ राजनीतिक संस्कारको बहसले अब व्यवहारमै नयाँ दिशा लिने अपेक्षा गरिएको थियो । पुरानो नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै अगाडि आएको नयाँ नेतृत्वले कांग्रेसलाई नयाँ सोच र नयाँ शैलीसहित अघि बढाउने विश्वास पनि दिलाएको थियो ।

त्यसैले विशेष महाधिवेशनपछि सुरु भएको १५औँ महाधिवेशनको प्रक्रिया कांग्रेसका लागि केवल नियमित संगठनात्मक प्रक्रिया थिएन । यो नयाँ नेतृत्वले आफूलाई कसरी प्रमाणित गर्छ भन्ने पहिलो ठुलो परीक्षा पनि थियो । तर वडा तहदेखि क्षेत्रीय अधिवेशनसम्म आइपुग्दा देखिएका केही विवाद, गुनासा र प्रक्रियागत प्रश्नले फेरि एउटा पुरानै प्रश्न उठाएको छ- कांग्रेस साँच्चै बदलिँदैछ कि नेतृत्व र अनुहार मात्र बदलिएको हो ?

अहिले नै निष्कर्ष निकाल्नु हतार हुनेछ । नयाँ नेतृत्वलाई शङ्काको सुविधा दिनुपर्छ । तर लोकतान्त्रिक पार्टीमा प्रश्न उठाउने अधिकार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । कांग्रेसको लोकतान्त्रिक चरित्र भाषणले होइन, उसले आफ्नै संगठनभित्र गर्ने अभ्यासले प्रमाणित गर्ने हो ।

**कांग्रेस २.० को अर्थ**

'कांग्रेस २.०' भन्ने अवधारणा आकर्षक छ । तर यसको अर्थ नयाँ पुस्ताका केही व्यक्तिलाई नेतृत्वमा ल्याउनु मात्र होइन । वास्तविक पुस्तान्तरण भनेको सोचको पुस्तान्तरण हो । निर्णय गर्ने शैलीको पुस्तान्तरण हो । संगठन सञ्चालन गर्ने संस्कारको पुस्तान्तरण हो । कार्यकर्तालाई हेर्ने दृष्टिकोणको परिवर्तन हो ।

यदि पुरानो नेतृत्वले गरेको भनिएको गल्तीको आलोचना गरेर नयाँ नेतृत्व सत्तामा पुग्छ, तर त्यसपछि उसैले उही गुटगत शैली अपनाउँछ, आफ्ना निकटस्थलाई प्राथमिकता दिन्छ, असहमतिलाई असहज ठान्छ र संगठनात्मक प्रक्रियालाई आफ्नो अनुकूल व्यवस्थापन गर्न खोज्छ भने अनुहार नयाँ भएपनि राजनीतिक संस्कार पुरानै रहन्छ ।

त्यसैले कांग्रेस २.० को पहिलो परीक्षा कति नयाँ अनुहार आए भन्ने होइन, कति नयाँ राजनीतिक संस्कार आयो भन्ने हो ।

क्रियाशील सदस्यताः लोकतन्त्रको आधारभूत प्रश्न

कांग्रेसको आन्तरिक लोकतन्त्रको पहिलो आधार क्रियाशील सदस्यता हो । कसले पार्टीको निर्वाचनमा मतदान गर्न पाउने, को प्रतिनिधि बन्न पाउने र संगठनको निर्णय प्रक्रियामा कसको सहभागिता हुने भन्ने आधार नै क्रियाशील सदस्यता हो ।

त्यसैले क्रियाशील सदस्यताको प्रक्रिया पारदर्शी हुनु अत्यन्त आवश्यक छ । यसपटक पनि क्रियाशील सदस्यताको सूचीलाई लिएर विभिन्न तहमा प्रश्न र गुनासा उठेका छन् । कतिपय ठाउँमा अधिवेशनको अन्तिम समयसम्म सदस्यताको विवरण स्पष्ट नभएको, अन्तिम समयमा सूची सार्वजनिक भएको वा प्रतिनिधित्वको विषयमा विवाद भएको गुनासो सुनिएको छ ।

यी सबै गुनासा प्रमाणित भइसकेका छन् भनेर निष्कर्ष निकाल्नु उचित हुँदैन । तर लोकतान्त्रिक पार्टीले यस्ता प्रश्नलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ । किनकि निर्वाचनको दिन कसले मतदान गर्न पाउने भन्ने कुरा नै अन्तिम समयमा मात्र स्पष्ट भयो भने त्यसले निर्वाचनको निष्पक्षतामाथि स्वाभाविक प्रश्न उठाउँछ ।

क्रियाशील सदस्यताको सूची कुनै गुटको राजनीतिक शक्ति व्यवस्थापन गर्ने साधन होइन । यो पार्टीको आन्तरिक लोकतन्त्रको आधार हो ।

**सहमति वा प्रतिस्पर्धाको नियन्त्रण ?**

सहमति लोकतन्त्रको सुन्दर पक्ष हो । एउटै पार्टीभित्र अनावश्यक प्रतिस्पर्धा घटाएर सहमतिबाट नेतृत्व चयन गर्न सकियो भने त्यसले संगठनलाई बलियो बनाउन सक्छ । तर सहमति र नियन्त्रणबिचको सीमा स्पष्ट हुनुपर्छ ।

खुला छलफल, सबै पक्षको सहभागिता र स्वैच्छिक सहमतिबाट बनेको नेतृत्व लोकतान्त्रिक हुन्छ । तर प्रतिस्पर्धाको वातावरण कमजोर बनाएर, अन्तिम समयमा प्रक्रिया प्रभावित पारेर तथा त्यसैलाई 'सहमति' भनियो भने प्रश्न उठ्नु स्वाभाविक हुन्छ ।

अहिले विभिन्न जिल्लाबाट आएका गुनासाले कांग्रेसभित्र यो विषयमा थप पारदर्शिता आवश्यक रहेको देखाउँछन् । विशेषगरी अधिवेशनको केही घण्टा अगाडिसम्म क्रियाशील सदस्यताको विवरण रोकिएको वा अन्तिम समयमा सार्वजनिक भएको भन्ने गुनासा छन् भने पार्टी नेतृत्वले त्यसको जवाफ दिनुपर्छ ।

किनभने लोकतन्त्रमा सहमति खोज्न पाइन्छ, तर सहमतिको नाममा प्रतिस्पर्धाको अधिकार सीमित गर्न पाइँदैन ।

कांग्रेसभित्र अहिले अर्को संवेदनशील प्रश्न पनि उठेको छ । कुनै व्यक्ति कांग्रेस छाडेर अर्को राजनीतिक दलमा गयो, त्यही दलको चुनाव चिह्नबाट निर्वाचन जित्यो र पछि पुनः कांग्रेसमा फर्कियो भने उसको सदस्यता र आन्तरिक निर्वाचनमा मतदान अधिकारको मापदण्ड के हुने ?

विशेषगरी 'घण्टी' चुनाव चिह्नबाट निर्वाचित भएका जनप्रतिनिधिको हकमा यो प्रश्न थप चर्चामा छ । यो व्यक्ति विशेषको विरोध वा समर्थनको विषय होइन । प्रश्न केवल नियम र मापदण्डको समान प्रयोग हो । यदि कांग्रेसको विधानअनुसार कुनै व्यक्ति पुनः पार्टी सदस्य बन्न सक्छ भने त्यसको स्पष्ट प्रक्रिया हुनुपर्छ । तर त्यो प्रक्रिया सबैका लागि समान हुनुपर्छ ।

आज एउटै राजनीतिक पृष्ठभूमि भएको व्यक्तिलाई एउटा मापदण्ड र अर्को व्यक्तिलाई अर्को मापदण्ड लागू गरियो भने त्यसले संगठनभित्र विश्वास कमजोर पार्न सक्छ । लोकतान्त्रिक पार्टीमा नियम व्यक्तिको राजनीतिक उपयोगिता, गुटगत सम्बन्ध वा तत्कालीन आवश्यकताअनुसार बदलिनु हुँदैन । कांग्रेसले यस विषयमा स्पष्ट नीति र मापदण्ड सार्वजनिक गर्नु आवश्यक छ ।

**युवामा ऊर्जा र अनुभवको संयोजन**

कांग्रेसमा पुस्तान्तरणको बहस स्वाभाविक हो । नयाँ पुस्ताले नयाँ प्रश्न उठाउँछ । नयाँ पुस्ताले बदलिएको समाज, प्रविधि, रोजगारी, अर्थतन्त्र र राजनीतिक अपेक्षालाई फरक ढंगले बुझ्छ । तर युवा हुनु मात्र राजनीतिक योग्यता भने होइन ।

युवासँग ऊर्जा चाहिन्छ, तर ऊर्जासँग अनुभवको संयोजन पनि मिसिएको हुनुपर्छ । नयाँ सोच चाहिन्छ, तर संगठन बुझ्ने क्षमता पनि चाहिन्छ । परिवर्तनको इच्छा चाहिन्छ, तर लोकतान्त्रिक धैर्य पनि चाहिन्छ । त्यसैले पुस्तान्तरण भनेको पुरानो पुस्तालाई विस्थापित गरेर नयाँ पुस्तालाई स्थापित गर्नु मात्र होइन ।

अनुभव र ऊर्जाको संयोजन नै वास्तविक पुस्तान्तरण हो । कांग्रेसको पुरानो पुस्ताले लोकतन्त्रका लागि लामो संघर्ष गरेको छ । नयाँ पुस्तासँग बदलिँदो समयको नयाँ सोच छ । यी दुईलाई प्रतिस्पर्धी होइन, सहयात्री बनाउने राजनीतिक संस्कार आवश्यक छ ।

त्यसैले नयाँ नेतृत्वले पुराना पुस्ताको योगदानलाई अस्वीकार गर्नुपर्ने आवश्यकता छैन । त्यस्तै पुरानो पुस्ताले नयाँ पुस्ताको आकांक्षालाई रोक्ने प्रयास गर्नु पनि संगठनका लागि दीर्घकालीन समाधान होइन ।

**प्यानलरहित निर्वाचनको वास्तविक परीक्षा**

नयाँ कांग्रेसको अर्को महत्त्वपूर्ण दाबी आन्तरिक निर्वाचनलाई बढी स्वतन्त्र र प्रतिस्पर्धात्मक बनाउने हो । यदि औपचारिक प्यानलभन्दा माथि उठेर प्रतिनिधिलाई आफ्नो विवेकअनुसार उम्मेदवार छनोट गर्ने वातावरण बनाइन्छ भने त्यो आन्तरिक लोकतन्त्रका लागि सकारात्मक अभ्यास हुन सक्छ ।

तर औपचारिक प्यानल नबनाउँदैमा अनौपचारिक गुट समाप्त हुँदैनन् । वास्तविक प्रश्न यो हो- एउटा प्रतिनिधिले कुनै दबाबबिना आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न सक्छ कि सक्दैन ? कुनै उम्मेदवारलाई समर्थन गर्दा उसको राजनीतिक भविष्यबारे डराउनुपर्ने अवस्था छ कि छैन ? असहमति राख्ने कार्यकर्ताले पनि संगठनभित्र समान अवसर पाउँछ कि पाउँदैन ?

यिनै प्रश्नको उत्तरले कांग्रेसको आन्तरिक लोकतन्त्रको स्तर निर्धारण गर्नेछ । अब कांग्रेसले आफैँलाई सोध्नुपर्ने प्रश्न वडा तहदेखि क्षेत्रीय अधिवेशनसम्म आइपुग्दा कांग्रेसले केही प्रश्नको सामना गर्नैपर्छ ।

क्रियाशील सदस्यताको प्रक्रिया कति पारदर्शी भयो ? मतदाता सूची समयमै सार्वजनिक भयो ? सबै उम्मेदवारले समान अवसर पाए ? सहमति वास्तविक थियो कि प्रतिस्पर्धाको विकल्प ? असहमति राख्ने कार्यकर्ताले पनि समान अधिकार पाए ? अन्य दलबाट कांग्रेसमा फर्किएका व्यक्तिका लागि समान मापदण्ड लागू भयो ? र सबैभन्दा महत्त्वपूर्ण प्रश्न- कांग्रेसभित्रको निर्वाचन वास्तवमै स्वतन्त्र र निष्पक्ष भयो ? यी प्रश्नको जवाफ नेतृत्वको भाषणले होइन, संगठनको व्यवहारले दिनुपर्छ ।

बदलिएको कांग्रेस कि पुरानै कांग्रेस ?

नेपाली कांग्रेस आज महत्त्वपूर्ण मोडमा उभिएको छ । विशेष महाधिवेशनले नेतृत्व परिवर्तनको बाटो खोल्यो । त्यसपछि १५औँ महाधिवेशनले त्यो परिवर्तनलाई संस्थागत गर्ने अवसर दिएको छ । अब चुनौती नयाँ नेतृत्वका लागि केवल अर्को निर्वाचन जित्नु होइन । चुनौती भनेको पार्टीको राजनीतिक संस्कार परिवर्तन गर्नु हो ।

यदि क्रियाशील सदस्यता पारदर्शी हुन्छ, निर्वाचन प्रक्रिया खुला हुन्छ, असहमतिलाई सम्मान गरिन्छ, गुटभन्दा संस्था बलियो हुन्छ र योग्य व्यक्तिले अवसर पाउँछ भने त्यसलाई कांग्रेसको वास्तविक रूपान्तरणतर्फको कदम भन्न सकिन्छ । तर अनुहार फेरिएर पनि पुरानै शैली दोहोरियो भने स्वाभाविक रूपमा प्रश्न उठ्नेछ- परिवर्तन कहाँ भयो ?

अहिले कांग्रेसलाई फैसला सुनाउनेभन्दा पनि उसलाई हेर्ने, प्रश्न गर्ने र व्यवहारका आधारमा मूल्याङ्कन गर्ने समय हो यो । किनभने कांग्रेसको भविष्य केवल कांग्रेसका नेता-कार्यकर्ताको विषय होइन । नेपालको लोकतान्त्रिक संस्थाको भविष्यसँग पनि यसको सम्बन्ध गाँसिएको छ ।

कांग्रेसको इतिहास लोकतन्त्रका लागि सङ्घर्षको इतिहास हो । त्यसैले लोकतन्त्रको सबैभन्दा ठुलो परीक्षा उसले अरूलाई दिने भाषणमा होइन, आफ्नै संगठनभित्र आफ्ना कार्यकर्तालाई दिने अधिकारमा हुन्छ । व्यक्ति बदलिनु परिवर्तनको सुरुवात हुन सक्छ, तर पर्याप्त प्रमाण होइन ।

सोच बदलिनुपर्छ । निर्णय गर्ने शैली बदलिनुपर्छ । संगठन सञ्चालनको संस्कार बदलिनुपर्छ । कार्यकर्तालाई हेर्ने दृष्टिकोण बदलिनुपर्छ । त्यसपछि मात्र कांग्रेसमा नेतृत्व मात्र होइन, राजनीतिक संस्कार पनि बदलिएको मान्न सकिन्छ ।

त्यसैले आजको मूल प्रश्न यही हो- कांग्रेस साँच्चै बदलिँदैछ वा नेतृत्व मात्रै बदलिँदैछ ? यसको उत्तर भाषणले होइन, वडा अधिवेशनदेखि महाधिवेशनसम्म देखिने व्यवहारले दिनेछ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

## ७४ जिल्लामा फैलियो स्क्रब टाइफस :

# समयमै उपचार भए निको हुन्छ, नत्र ज्यानै लिन्छ

काँक्रेविहार संवाददाता
सल्यान, १९ असोज

सल्यानको दर्मा गाउँपालिका- ३ धुवाङ्की ६९ वर्षीया खली खत्रीको ७ असोजमा मृत्यु भयो।

ज्वरोले थलिएकी उनलाई ३ असोजमा गरिएको परीक्षणमा स्क्रब टाइफस पुष्टि भएको थियो त्यतिबेला उनको स्वास्थ्य अवस्था जटिल थिएन। स्वास्थ्यकर्मीले औषधि दिएर उनलाई घर पठाए। तर, पछि फेरि स्वास्थ्यमा समस्या देखिएपछि थप उपचारका लागि नेपालगञ्ज ल्याइयो तर, उनको ज्यान बच्न सकेन। उपचारकै क्रममा ७ असोजमा मृत्यु भयो।



पछिल्लो डेढ महिनायता सल्यानको दर्मा स्क्रब टाइफसको हटस्पटजस्तै बनेको छ। खत्रीसहित यस गाउँपालिकाका ८ जनाको ज्यान स्क्रब टाइफसले लिइसकेको छ।

मृत्यु हुनेमा ५ जना ६० वर्ष उमेर माथिका छन् भने एक जना ५१ वर्ष र एक १२ वर्षीय बालक रहेका छन्। अन्य जिल्लामा भने स्क्रब टाइफसबाट मृत्यु भएको औपचारिक रिपोर्ट दर्ता छैन।

दर्माका ६ वटा वडामा नै संक्रमण फैलिएको छ। एउटै वडामा १ सय ८१ जनाको परीक्षण गर्दा १७ जनामा स्क्रब टाइफस पुष्टि भएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। सल्यानमा अहिले जम्मा संक्रमितको संख्या ३०५ छ। तर, संक्रमितको संख्या पछिल्लो समय दाङ, स्याङ्जा, बझाङ, संखुवासभाजस्ता जिल्लामा पनि तीव्र रूपमा बढिरहेको छ।

**गाउँदेखि शहरसम्म उस्तै जोखिम**

स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)का अनुसार अहिलेसम्म ७४ जिल्लामा स्क्रब टाइफसको संक्रमण देखिएको छ।

७४ जिल्लाका ९ हजार ९२३ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको महाशाखाको कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्ण दाहालले जानकारी दिए।

पछिल्लो तथ्यांकअनुसार दाङमा स्क्रब टाइफस संक्रमितको संख्या सबैभन्दा धेरै छ। इडीसीडीका अनुसार दाङमा ६ सय २४ जनामा संक्रमण पुष्टि भएको छ भने स्याङ्जामा संक्रमितको संख्या ५ सय १३ पुगेको छ।

यसका साथै बझाङमा ४५६ जना, संखुवासभामा ४३८ जना, पाल्पामा ३९६ जना, धादिङमा ३४० जना, बर्दियामा ३२३ जना, गोर्खामा ३१९ जना र दार्चुलामा ३१२ जनामा स्क्रब टाइफस पुष्टि भएको छ।

दोस्रो विश्वयुद्धताका जापानबाट फैलिएको स्क्रब टाइफस नेपालमा भने विशेष गरी २०७२ सालको भूकम्पपछि संक्रमण बढ्दै गएको हो ।

सुरुवाती वर्षमा यो रोग चितवन, नवलपरासीलगायत तराईका जिल्लामा बढी सक्रिय रहेकोमा पछिल्ला वर्षमा पहाडी र हिमाली जिल्लामा पनि फैलिँदै गएको छ। नेपालमा अहिले स्क्रब टाइफस डेंगीपछिको दोस्रो सबैभन्दा धेरै देखिने कीटजन्य रोगमा पर्छ।

# सिँजा सभ्यताको विकास गर्न सरकार तयार

काँक्रेविहार संवाददाता
जुम्ला, १९ असोज

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले सिँजा सभ्यताको विकासका लागि कर्णाली सरकार तयार रहेको बताएका छन्।

सिँजा गाउँपालिकामा पुगेका मुख्यमन्त्री शाहीले सिँजा सभ्यताको संरक्षण तथा प्रवर्धन गर्नु सरकारको दायित्व भएकाले यसको खोज अनुसन्धान, संरक्षणमा प्रदेश सरकार तयार रहेको स्पष्ट पारे।

सिँजा सभ्यताका भग्नावशेषलाई संरक्षण गर्नु अति जरुरी भएकाले यस विषयमा सङ्घीय सरकार, प्रदेश सरकारले विशेष जोड दिनुपर्ने उहाँको भनाइ छ। सिँजाको आधुनिक विकासलाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै उनले वर्षको आगामी बजेटमा गाउँपालिकाले दिएको सुझावलाई प्राथमिकता दिइने प्रतिबद्धता पनि व्यक्त गरे।



सो अवसरमा सिँजा गाउँपालिकाका तर्फबाट सिँजाका मुख्य सडकको स्तरवृद्धिका लागि आवश्यक बजेटको मागसहित ज्ञापनपत्र मुख्यमन्त्रीलाई बुझाइएको छ। गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले सिँजाको विकास निर्माणमा जोड दिन अनुरोध गरेका छन्।

उनले धितालिहीदेखि वडा नं. ५ र ६ जोड्ने सडक, केदारनाथ जोड्ने सडक, नराकोट 'बा' मालिकाकालगायतका सडकमा बजेटसहित अन्य विकास निर्माणका लागि ज्ञापनपत्र बुझाइएको बताए।

यसै गरी चुलेलगाउँ-धापा-कनकासुन्दरी सडक निर्माणमा ढिलाइ भइरहेकाले यसलाई चाँडै अगाडि बढाउन पनि माग गरिएको गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का अध्यक्ष तीर्थ वडले जानकारी दिए। उनले नेपाली भाषाको उद्गमस्थल सिँजाको खोज, अनुसन्धान र संरक्षणमा जोड दिनसमेत अनुरोध गरिएको बताए। मुख्यमन्त्री शाहीले सिँजामा थालिएका ठोस कामको प्रशंसा गर्दै अधुरा काममा आगामी बजेटमा जोड दिने प्रतिबद्धता व्यक्त गरे। मुख्यमन्त्री शाहीसँग जुम्ला, कालीकोट र मुगुका नागरिकले विकासका लागि विभिन्न माग राखेका थिए।

# स्यार्पु हाइड्रोबाट परीक्षण उत्पादन

काँक्रेविहार संवाददाता
रुकुमपश्चिम, १९ असोज

रुकुमपश्चिमका स्थानीय तहको संयुक्त लगानीमा बाँफिकोट गाउँपालिका-३ मा निर्माण भएको स्यार्पु हाइड्रोको परीक्षण उत्पादन सुरु भएको छ। स्यार्पु पावर कम्पनी प्रवर्धक रहेको स्यार्पु जलविद्युत् आयोजना ३.३ मेगावाट क्षमताको छ।

आयोजना निर्माण सम्पन्न भई उत्पादन सुरु भएपछि गत शुक्रबारबाट आयोजनाको परीक्षण सुरु गरिएको स्यार्पु पावर कम्पनीका अध्यक्ष धनवीर ओलीले जानकारी दिए। उनका अनुसार आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ। परीक्षण उत्पादन सफल भएपछि नेपाल विद्युत् परीक्षणका रूपमा प्राधिकरणको अनुमतिमा व्यावसायिक उत्पादन सुरु गर्ने तयारी रहेको जानकारी दिए।

परीक्षणको क्रममा कुनै खराबी नआए अबको १५ दिनभित्र आयोजनाले राष्ट्रिय ग्रिडमा रुकुमको स्यार्पुताल हुँदै बग्ने तिल्चाखोलाको पानी उपयोग गरेर उत्पादित हुने बिजुली राष्ट्रिय ऊर्जा प्रणालीमा जोडिने छ। यस आयोजनाको कुल लागत करिब ६२ करोड रुपियाँ पुगेको छ।

स्थानीय तहले सामूहिक रूपमा जलविद्युत्मा लगानी गरेका कारण स्यार्पु हाइड्रो रुकुमपश्चिमका लागि नयाँ वित्तीय अभ्यासका रूपमा समेत हेरिएको छ। स्यार्पु जलविद्युत् आयोजनाको प्रक्रिया २०७८ सालदेखि सुरु भएको थियो भने २०८० मङ्सिर २५ मा पूर्वमन्त्री जनार्दन शर्माले शिलान्यास गर्नुभएको थियो। पूर्वअर्थमन्त्री शर्माले स्थानीय तहलाई आर्थिक रूपमा सक्षम बनाउने उद्देश्यले स्यार्पु हाइड्रोको अवधारणा अघि ल्याएको जानकारी दिए।

स्यार्पुपावर कम्पनीमा रुकुमपश्चिमका छ वटै स्थानीय तहको ५४ प्रतिशत र सङ्घीय सरकारको अर्थ मन्त्रालयको एक प्रतिशत लगानी रहेको छ।

# न्यालु र नारा लेकको सडकमा जमेको हिउँ पन्छाउन माग

काँक्रेविहार संवाददाता
हुम्ला, १९ असोज

नाम्खा गाउँपालिका-५ को न्यालु र ६ नम्बर वडाको नारा लेक हुँदै लिमी प्रवेश गर्ने सडकमा जमेको हिउँ पन्छाउन स्थानीयले माग गरेका छन्। दुवै लेकको सडकमा बाक्लो हिउँ जमेर लिमी र हिल्सातर्फको यातायात सेवा बन्द भएपछि स्थानीयले हिउँ पन्छाउन आग्रह गरेका हुन्।

न्यालु र नारा लेकमा जमेको हिउँका कारण यातायात सेवा बन्द भएपछि लिमीको आवागमन पूर्ण रूपमा बन्द भएको लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताउनुभयो। उहाँले दुवै लेकमा जमेको हिउँ पन्छाउने व्यवस्था गर्न स्थानीय प्रशासनसँग माग गरेका छन्।



दुवै लेकमा साढे तीन फिटभन्दा बढी हिउँ जमेको छ। असोजको पहिलो सातादेखि नै लिमी आवागमन बन्द भएकाले दुवैतर्फको सडकमा जमेको हिउँ पन्छाएर यातायात सेवा सुचारु गर्न पहल गर्नुपर्ने उनले बताए। लिमीका स्थानीय बिरामी भए वा अन्य अत्यावश्यक कामले बाहिर निस्कनुपरे हेलिकोप्टर रिजर्भ गर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ।

लिमी जाने प्रमुख नाकामध्ये पाँच हजार मिटर अग्लो न्यालु लेक पनि एक हो। लिमीमा तिल गाउँका १८, हल्जी गाउँका ९०, जाङ गाउँका तीन र तुम्लिङका ११ जना होटल व्यवसायी बस्दै आएका छन्। ताक्चीमा पनि दुई वटा होटल सञ्चालनमा छन्।

त्यसैगरी, हिल्सास्थित मानसरोवर होटलकी सञ्चालक पेमा लामाले नारा लेकको सडकमा जमेको हिउँ पन्छाएर यातायात सेवा सुचारु गर्न हिल्सा-सिमकोट सडक योजनासँग माग गरेकी छन्।

हाल हिल्सामा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, यारी नाका भन्सार कार्यालय, अध्यागमन कार्यालय, होटल व्यवसायी तथा केही स्थानीय व्यापारी बस्दै आएका छन्। नारा लेकको सडकमा जमेको हिउँ नपन्छाए हिल्साका स्थानीय थप समस्यामा पर्ने उनको भनाइ छ। यस वर्ष विगत १५ वर्षयताकै पहिलो पटक हिल्सामा असोज १० गतेदेखि हिमपात सुरु भएको स्थानीयले बताएका छन्। यसअघि कात्तिक महिनापछि मात्र हिल्सामा यति धेरै हिउँ पर्ने गरेको उनीहरूको भनाइ छ। मौसम परिवर्तनका कारण यस वर्ष चाँडै हिमपात भएको स्थानीयको अनुमान छ।

दसैं-तिहार नजिकिँदै आएकाले हाल ताक्लाकोटमा रहेका हुम्लाका स्थानीयलाई पनि घर फर्किन समस्या भएको छ। चार हजार ६७० मिटर उचाइमा रहेको नारा लेकमा साढे तीन फिटसम्म हिउँ जमेकाले यातायात सेवा अवरुद्ध भएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा चौकी (बीओपी) का सशस्त्र प्रहरी निरीक्षक केदार सापकोटाले बताए। जेसिबीबिना नारा लेकको सडकमा जमेको हिउँ पन्छाउन सम्भव नभएको उनको भनाइ छ।

# कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्तामा जोशी



काँक्रेविहार संवाददाता
सुर्खेत, १९ असोज

कर्णाली प्रदेश सरकारको मुख्य न्यायाधिवक्तामा दैलेखका सर्वराज जोशी नियुक्त भएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको जानकारीअनुसार सोमवार दिउँसो १ बजे उनको शपथ ग्रहण गरी सकेका छन्।

दैलेखको नारायण नगरपालिका वडा नं. १ मा जन्मिएका जोशीले २०५४ सालमा नेपाल ल क्याम्पसबाट बीएल र २०५८ सालमा त्रिचन्द्र कलेजबाट एमए गरेका छन्।

पाँच वर्ष यूएनडीपीको रोलेर प्रोजेक्टमा काम गरिसकेका जोशीले जिल्ला अदालतमा वैतनिक वकिलका रूपमा समेत सेवा गरिसकेका छन्।

विगत २५ वर्षदेखि कानुन व्यवसायीका रूपमा सक्रिय जोशीलाई मुख्यमन्त्री मंगलबहादुर शाहीले मुख्य न्यायाधिवक्तामा नियुक्त गरेका हुन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# दशौं खेलकुदमा भिभिआइपीका लागि सुर्खेतका दुई होटल 'रिजर्भ'

❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, १९ असोज

आगामी मंसिर १६ गतेदेखि कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा आयोजना गरिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेश राजधानीमा रहेका दूइ ओटा होटल भिभिआईपिका लागि 'रिजर्व' गरिएको छ।



वीरेन्द्रनगरमा रहेका सिद्धार्थ होटल र शुभ होटलका १५० वटा वेडहरु खेल अवधीभरका लागि सुरक्षित राखिएको कर्णाली प्रदेश खेलकुद परिषदका उपाध्याक्ष प्रमोद हमालले जानकारी दिए। उनका अनुसार वीरेन्द्रनगर र गुराँसे गरेर ४८ सयवटा सिंगल बेडको व्यवस्था गरिएको छ भने छिन्चुमा २६५ ओटा बेडहरु तयारी अवस्थामा राख्न होटल व्यवसायीलाई भनिएको जानकारी दिए।

वास व्यवस्थापनका लागि खासै समस्या नभएको बताउँदै उनले ६८ वटा विभिन्न सहकारी संस्था, होम स्टेहरुका हलहरुसमेत रहेकोले दैनिक ५५ सय देखि ६ हजार जनालाई वास व्यवस्थापन गर्न सकिने बताए।

राखेपका सदस्यसचिव राम चरित मेहताले कर्णालीमा खेलकुद आयोजना गर्न आफूहरु तयार भई सचिवालयसमेत स्थापना गरिएको बताए। 'यहाँ अब प्रतियोगिता आयोजना गर्नकालागि कुनै समस्या छैन। हामी कर्णालीमा खेलकुद प्रतियोगिता आयोजना गर्न तयार भएका छौं। दशौं खेलकुद अब यहीं हुन्छ, यसमा शंका नगर्नुस,' उनले भने, 'विभिन्न १२ वटा उपसमिति गठन भएका छन भने सचिवालयसमेत स्थापना गरिसकेका छौं।'

सहआयोजक रहेको सामाजिक विकास मन्त्रालय अर्न्तगतको कर्णाली प्रदेश खेलकुद विकास समितिका अध्यक्ष एवम सामाजिक विकास मन्त्री जीतबहादुर मल्लले खेलकुद प्रतियोगिता तयारी गर्न सहआयोजकका रुपमा सरकार लागिपरेको बताए।

'कर्णाली दशौं खेलकुद आयोजना गर्न सक्षम छ, त्यसकालागि हामीले निरन्तर तयारी गर्दै आइरहेका छौं,' उनले भने, 'त्यसका अलावा अब हामी सातै प्रदेशका मुख्यमन्त्री, सम्वन्धित मन्त्री तथा खेलकुद विकास समितिहरुसँग आवश्यक छलफल, सल्लाह र सुझाव ग्रहण गर्ने योजनामा रहेका छौं।'

सचिवालयको उदघाटन गर्दै मुख्यमन्त्री मंगलबहादुर शाहीले खेलकुदको महाकुम्भलाई सफल बनाउन प्रदेश सरकारले कुनैकसर वाँकी नराख्ने बताए। ' कर्णालीलाई विगतमा कमजोर आँक्ने गरिएको थियो।

त्यसको जवाफ हामी यो प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गरेर दिन चाहन्छौं।' मुख्यमन्त्री शाहीले भने, 'त्यहि तयारीमा सरकार लागेको छ। कर्णालीमा गास, वास र कपासको कुनै अभाव हुन नदिनेमा हामी सचेत छौं।'

## जहाँबाट...

सौर्य विद्युत् आयोजना निर्माण गरिरहेको छ। लेकबैंसी नगरपालिका-१०, साटाखानीमा प्राधिकरणको स्वामित्वमा रहेको पाँच बिघा १२ कट्ठा जग्गामा सौर्य आयोजना निर्माण भइरहेको हा। पुरानो झुप्रा जलविद्युत् आयोजनाको रिजर्भ ड्याम क्षेत्रमा सोलार प्यानल जडान गर्ने गरी आयोजना अघि बढाइएको छ।

आयोजनामा ३ हजार ४ सय १६ वटा सोलार प्यानल जडान गरी एसीतर्फ दुई मेगावाट र डीसीतर्फ २.४ मेगावाटसम्म विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। जर्मन सरकारको केएफडब्ल्यू विकास बैंकको अनुदान सहयोगमा निर्माण भइरहेको आयोजना ग्राउन्ड माउन्टेड ग्रिड-कनेक्टेड सौर्य प्रणालीमा आधारित छ।

निर्माण व्यवसायी प्राजेल ग्रीन इनर्जी लिमिटेडका सिनियर सिभिल इन्जिनियर आकाश मदनवालका अनुसार आयोजनाको भौतिक प्रगति ६० प्रतिशत पुगेको छ। अहिले सोलार प्यानल राख्ने संरचना, पावर हाउसको मुख्य कन्ट्रोल रुम तथा प्रसारण लाइन विस्तारको काम भइरहेको छ।

आयोजना तोकिएको समयभन्दा अगावै सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको मदनवालले बताए। उनका अनुसार आगामी डिसेम्बरसम्म आयोजना सम्पन्न गर्ने लक्ष्य छ। उत्पादित विद्युत् वीरेन्द्रनगर-११ स्थित सुब्बाकुना सबस्टेसनमा पुर्‍याएर राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ। त्यसका लागि करिब साढे तीन किलोमिटर लामो प्रसारण लाइन विस्तार गरिएको छ।

यसरी पाँच दशकअघि झुप्रा खोलाको पानीबाट वीरेन्द्रनगरलाई उज्यालो दिएको ठाउँमा अहिले सूर्यको प्रकाशबाट विद्युत् उत्पादन गर्ने तयारी भइरहेको छ। पानीबाट सुरु भएको झुप्राको ऊर्जा यात्रा अब सौर्य ऊर्जासम्म आइपुगेको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री ममता बि.सी.** धनी रहेको, **दर्ता नम्बर ५३२०/०७५/०७६** बाट **वीरेन्द्रनगर-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री बि.सी. कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री पुष्पा कुमारी बि.सी** धनी रहेको, **दर्ता नम्बर ५६३६/०७६/०७७** बाट **वीरेन्द्रनगर-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री रोकाय कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री टिकाराम सिंह ठकुरी** धनी रहेको, **दर्ता नम्बर ३१४९** बाट **वीरेन्द्रनगर-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री याङजिन ब्लक उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/२०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री विष्णु कुमारी थापा** धनी रहेको, **दर्ता नम्बर ९८७८/०७९/०८०** बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री ईश्वर विष्णु कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

**सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक निमन्त्रणा**

यस **श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को ३०औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुने भएकाले पत्र पठाइ सकिएको छ। कारणवस पत्र प्राप्त नभएमा सम्पूर्ण शेयर सदस्यज्यूहरूले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ।

**तपशिल**

मिति : २०८३ असोज २१ गते बुधवार
समय : बिहान १०:०० बजे
स्थान : पूर्ण सक्रिय समाज साकोस प्राङ्गणमा।

*शंकरबहादुर अधिकारी*
*संयोजक*
*पचारप्रसार उप-समिति*

**श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्द्रनगर-२, कोलडाँडा, सुर्खेत

BND
**वीरेन्द्रनगर डेन्टल केयर होम**
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→
विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा
१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।
तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।
आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा
सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)